म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ७१ २०७९ माघ १६ गते सोमबार 30 January 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी साहारा मादक पदार्थ सेवन गरेको रका तामा प्रहरीको नि:शुल्क टेलिफोन नकक १०० र १०३ मा खबर ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

निजी विद्यालयमा एसईई अभ्यास परीक्षा सुरु

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा परीक्षा दिंदै विद्यार्थीहरु ।

समाज संवाददाता

हेटौंडा: निजी विद्यालयमा माध्यमिक शिक्षा परीक्षा (एसईई) अभ्यास परीक्षा सुरु भएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याव्सन) मातहतका देशभरका विद्यालय एकसाथ आइतबारबाट अभ्यास परीक्षा सुरु भएको हो । परीक्षामा मकवानपुरका ३७ विद्यालयका १ हजार १ सय ९४ विद्यार्थी सहभागी रहेको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ ।

जिल्लाका ३७ विद्यालयमा कक्षा १० मा अध्ययनरत १ हजार १ सय ९६ विद्यार्थीमध्ये एकजना विद्यार्थी भने हात भाँचिएर अभ्यास परीक्षामा सहभागी हुन नसकेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । अर्का एकजना विद्यार्थी सम्पर्कमै नआएको उहाँको भनाइ छ । प्याव्सनले राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षाकै ढाँचामा विद्यार्थीलाई परीक्षाको अभ्यास गराएको प्याव्सन मकवानपुरका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । प्याव्सन मकवानपुरले जिल्लाका ३७ विद्यालयका विद्यार्थीलाई ८ वटा परीक्षा केन्द्र कायम गरी फरक विद्यालयमा विद्यार्थीलाई परीक्षामा सहभागी गराएको छ ।

हेटौंडा उपमहानगरपालिकामा ५ वटा परीक्षा केन्द्र तोकेको प्याव्सनले थाहा नगरपालिकामा २ वटा र मनहरी गाउँपालिकामा एउटा परीक्षा केन्द्र निर्धारण गरेको छ । हेटौंडाको सोलिड्यारिटी इन्टर नेशनल एकेडेमी, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, सिद्धार्थ शिशु सदन र जेनिथ इन्टरनेशनल एकेडेमीमा परीक्षा केन्द्र निर्धारण गरिएको छ भने थाहा नगरपालिकाको सेती गणेश स्कूल र इअन इंग्लिस एकेडेमीमा परीक्षा केन्द्र निर्धारण गरिएको छ । यस्तै मनहरी गाउँपालिकामा राष्ट्रिय रोटरी माविमा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

परीक्षा बिहान ७ बजेदेखि सुरु हुनेछ । अभ्यास परीक्षा माघ २३ गते सकिने छ । अभ्यास परीक्षामा सहभागी विद्यार्थीको प्रस्तुतीका आधारमा एसईईका लागि थप सुधार गर्न सहयोगी हुने अपेक्षा गरिएको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले बताउनुभएको छ । यसैबीच राष्ट्रिय परीक्षा बोर्डले एसईईको तालिका सार्वजनिक गर्दै चैत १७ गतेदेखि परीक्षा सञ्चालन गर्ने जनाएको छ ।

आज शहीद दिवस

समाज संवाददाता

हेटौंडा: प्रजातन्त्र स्थापना एवम् पुनर्स्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहुती दिने शहीदहरुको सम्झनामा आज सोमबार देशभर शहीद दिवस मनाइँदैछ । नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन जहानियाँ राणा शासन, निरंकुश पञ्चायती व्यवस्था तथा तानाशाही राजतन्त्रविरुद्ध प्रजातान्त्रिक क्रान्ति एवम् लोकतान्त्रिक जनआन्दोलनहरुमा आफ्नो जीवनको आहुती गरेका वीर सपूतहरुको सम्झनामा प्रत्येक वर्ष माघ १६ गते शहीद दिवस मनाइँदै आएको छ ।

वीर शहीदहरु शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको संघर्षमय जीवन र बलिदानको गाथा र प्रजातान्त्रिक आन्दोलनका अरु योद्धाहरुको योगदानको स्मरणमा शहीद दिवस मनाइएको हो । विसं १९९७ माघ १० गते निरंकुश राणा शासनविरुद्धमा नेपाल प्रजापरिषद् स्थापना गरी जनतालाई आफ्नो हक र अधिकारका लागि क्रान्ति गर्न प्रेरित गर्ने शुक्रराजलाई टेकुस्थित खरीको रुखमा झुन्ड्याएर हत्या गरिएको थियो ।

यस्तै, सोही वर्ष माघ १३ गते सिफलमा धर्मभक्तलाई झुन्ड्याइएको थियो भने माघ १५ गते दशरथचन्द र गंगाललालाई शोभा भगवतीमा गोली हानी हत्या गरिएको थियो । शहीद दिवसको अवसरमा सरकारले विगतका वर्षहरुमा सार्वजनिक बिदा दिने गरेको थियो ।

भीरबाट लडेर माइलाको मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिका-२, देउरालीको चनौटे बस्ने माइला थिङको भीरबाट लडेर मृत्यु भएको छ । शनिबार बिहेमा गई घर फर्किने क्रममा दिउँसो ४ बजेर ३० मिनेटको समयमा अन्दाजी ५५ वर्षीय माइलाको भीरबाट लडेर मृत्यु भएको हो ।

माइला अन्दाजी १ सय ५० मिटर तल खसेका थिए । भीरबाट लडेर एकजनाको मृत्यु भएको खबर प्राप्त हुनासाथ उक्त स्थानमा प्रहरी सहायक निरीक्षक सीताराम सुवेदीको कमाण्डमा प्रहरी टोली पुगेको थियो । घटनासम्बन्धी अनुसन्धान र मुचुल्काका लागि आइतबार इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी खटिएको जनाइएको छ ।

चार जिल्लाका ८ स्थानमा निशूल्क आँखा शिविर हुँदै

समाज संवाददाता

हेटौंडा: लायन्स क्लबको आयोजनामा मकवानपुरसहित सर्लाही, बारा र पर्सा जिल्लाका ८ स्थानमा निशुल्क आँखा शिविर हुने भएको छ । लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ एसको आयोजना, रुइत फाउण्डेसनको सहयोग र हेटौंडा आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर हुने भएको हो । आइतबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै लायन्स क्लब एरिया २ का चिफ विकेशलाल श्रेष्ठले आज सोमबारदेखि शनिबारसम्ममा ४ जिल्लाका ८ स्थानमा निशुल्क आँखा शिविर हुने बताउनुभयो ।

सोमबार पहिलो दिन बारा जिल्लाको महेशपुर र सर्लाहीको हरिवनमा शिविर हुने उहाँले बताउनुभयो । भोलि मंगलबार मकवानपुरको बागमती गाउँपालिकाको फापरबारी, बारा जिल्लाको भादाह र बाराकै इनवसीरामा शिविर हुनेछ । बुधबार मकवानपुरको राक्सिराङ गाउँपालिका, हेटौंडाको बसामाडी गुम्बामा र पर्सा जिल्लाको वीरगंजमा आँखा शिविर हुने जनाइएको छ । आँखाको परीक्षण भएको ३ दिनपछि शल्यक्रिया गरिने जनाएको छ ।

नेत्रस्वास्थ्य विशेषज्ञ डा. सन्दुक रुइत नेतृत्वको टोलीले शिविरमा आँखा परीक्षण गर्नुहुनेछ । आँखा परीक्षण शिविरमा पहिचान हुने मोतिविन्दुका विरामीलाई हेटौंडा आँखा अस्पतालसम्म ल्याई निशुल्क शल्यक्रियासहितको उपचार गरी घर फिर्ता पठाइने बताइएको छ ।

सम्पादकीय

शहीदको सपना अधुरै

आज माघ १६ गते, शहीद दिवस । नेपालमा हरेक वर्ष माघ १६ गते शहीद दिवस मनाइन्छ । शहीद दिवसको एकसाता अघिदेखि देशभर विभिन्न कार्यक्रम गरेर शहीद सप्ताह पनि मनाइन्छ । प्रत्येक वर्ष माघ १० गतेदेखि १६ गतेसम्म शहीद सप्ताहका साथै माघ १६ गते शहीद दिवस मनाउने प्रचलन छ । शहीद दिवस भनेको देशका लागि आफ्नो जीवन बलिदान दिने ज्ञात अज्ञात शहीदप्रति श्रद्धापूर्ण भाव प्रकट गरी उनीहरुले गरेको योगदानलाई सम्झँदै उनीहरुको सपना पूरा गर्न प्रतिबद्ध हुनुपर्ने विशेष दिन हो । मुलुकको स्वतन्त्रता, प्रजातन्त्र/लोकतन्त्र/गणतन्त्र स्थापना तथा नागरिक हक अधिकारको लागि प्राणको आहुति दिने वीर, वीराङ्गनालाई शहीद भनिन्छ । तिनै शहीदप्रति सभक्ति श्रद्धाभाव प्रकट गर्ने दिन भएपनि शहीद दिवस वा शहीद सप्ताह सामान्य औपचारिक कार्यक्रममा सिमित हुने गरेको छ ।

नेपालमा राज्यसत्ता वा शासन व्यवस्थाको विरुद्ध भएका विभिन्न आन्दोलन तथा अभियानहरुमा सयौं व्यक्ति शहीद भएका छन् । जहानियाँ राणा शासनविरुद्ध लडेर ज्यान अर्पण गर्ने शहीदहरु धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ र दशरथ चन्दको सम्झनामा वर्षेनि शहीद दिवस मनाउने गरिएको छ । वि.सं १९९७ साल माघको यसै हप्ता तत्कालीन राणा शासकले दशरथ चन्द र गंगाललालाई शोभा भगवतीमा गोली ठोकेर मृत्युदण्ड दिए भने धर्मभक्तलाई सिफल र शुक्रराज शास्त्रीलाई टेकुमा रुखमा झुण्ड्याएर मृत्युदण्ड दिएका थिए । टंकप्रसाद आचार्य, रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्यायलगायत नेपाल प्रजापरिषदका नेताहरुलाई आजीवन कारावासको सजाय तोकेर जेलको कालकोठरीमा हालियो । तर, समयले ल्याएको क्रान्ति चेत बढ्दै गयो । दश वर्षकै अन्तरालमा जनक्रान्तिकै बलद्वारा एकतन्त्रीय जहानियाँ राणा शासन समाप्त भयो । यिनै शहीदहरुको बलिदानस्वरुप २००७ सालमा राणा शासन अन्त्य भएर बहुदलीय प्रजातान्त्रिक व्यवस्था सुरुवात भयो । नेपालमा स्वतन्त्रता र प्रजातन्त्रका लागि २००७ सालपछि पनि पटकपटक आन्दोलनहरु भएका छन् र सयौं नेपालीले शहादत प्राप्त गरेका छन् ।

शहीद दिवसमा ती ज्ञातअज्ञात शहीदहरुको स्मरण गर्दै उनीहरुका संकल्प पूरा गर्ने प्रतिबद्धता गरिन्छ । हरेक वर्षको शहीद दिवसमा सरकार प्रमुख, मन्त्री, राजनीतिक दलका नेताहरुले शहीदहरुको बलिदान, समर्पण र योगदानको चर्चा गर्दै उनीहरुका अधुरा सपना पूरा गर्ने बाचा गर्छन् । शीर्ष नेतृत्वहरुले देशबासीका नाममा सन्देश जारी गर्ने, शहीदहरुको योगदानको बढाइचढाई गर्ने र शहीदको प्रतिमामा पुष्पगुच्छा अर्पण गर्ने प्रचलनले निरन्तरता पाउँदै आएको छ । शहीद दिवसमा शहीदको बखान गाएर, उनीहरुको सम्झनामा आँशु झार्ने नेताहरुले भोलिपल्टै शहीदहरुलाई बिर्सन्छन् । शहीदको सपना पूरा गर्ने नाममा आफ्नो व्यक्तिगत र दलगत स्वार्थपूर्तिका क्रियाकलापलाई निरन्तरता दिन्छन् । निरंकुशताको बिरोध गर्नेहरु सत्तामा पुगेपछि आफैं निरंकुश बन्छन् ।

राष्ट्रिय स्वाभिमानको रक्षा गर्दै युगसापेक्ष नागरिक हक अधिकारको पूर्ण प्रत्याभूतिका शहीदले आफ्नो प्राण बलिदान दिएका हुन् । विधिको शासन व्यवस्थित गरेर देशलाई समृद्धिको बाटोमा अगाडि बढाउने ती तमाम् शहीदका सपना अहिले पनि अधुरै छन् । हाम्रा वीर शहीदहरुले मुलुकमा शान्ति, समृद्धि र सुशासनको सपना देखेका थिए । ती शहीदका सपना पूरा गर्ने अभिभारा अहिलेका शासकहरुमा छ । यसका लागि स्थानीय, प्रदेश र संघ तीनै तहका सरकारले विकास र समृद्धिलाई अघि बढाउनु आवश्यक छ । संघीयताको मर्म र भावनाअनुकूलको शासन व्यवस्था व्यवहारमा लागू गरी आम नागरिकलाई घरदैलोमा सेवा दिनसकेमा शहीदका अपूरा सपना पूरा हुन सक्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५	फापरबारी इलाका ६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल १००	चित्लाङ इलाका ६२१०००
ट्राफिक प्रहरी १०३	वारुण यन्त्र १०१
वडा प्रहरी ५२०२९९	बालबालिका खोजतलास केन्द्र १०४
पशुपतिनगर इलाका ५२०५९८	बाल हेल्पलाइन १०९८
मनहरी इलाका ९८५५०९०१६१	हेलो सरकार ११११
भीमफेदी इलाका ६९१४६२	नेपाल टेलिकम सोधपुछ १९७
पालुङ इलाका ६२०४६७	

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : स्वास्थ्यमा संकट देखा पर्ने समय योग छ ।
वृष : स्मरण शक्तिमा बृद्धि र पराक्रममा बृद्धि होला ।
मिथुन : बोलीको प्रभाव बढ्ने भएकाले सफलता प्राप्त ।
कर्कट : पराक्रमले काममा सुधार आउने योग देखिन्छ ।
सिंह : बोल्दा विचार पुऱ्याउनु पर्ने समय योग छ ।
कन्या : समय अनुकुल भएकाले तपाईको पक्षमा जित होला ।
तुला : समय चिन्ताले सताउने योग देखिन्छ ।
वृश्चिक : प्रयत्नले काममा सफलता प्राप्ति योग छ ।
धनु : भाग्यले साथ दिने समय योग रहेको देखिन्छ ।
मकर : धार्मिक कार्यमा रुचि बढ्ने समय योग छ ।
कुम्भ : अस्वस्थता र नैराश्यता बढ्ने समय छ ।
मीन : व्यापार- व्यवसायमा बृद्धि हुने समय योग छ ।

प्रेम आचार्यको आत्मदाह र रवि लामिछानेहरुले बुझ्न नचाहेको सत्य

डम्बर खतिवडा

प्रेम आचार्यको आत्मदाह देशको इतिहासकै ठूलो दुखान्त, भयावह दुस्वप्न, एक महात्रासदी बन्यो। यो देशको इतिहासमा माघ १० गतेको मंगलबार एक उदास, निरास, अवसादपूर्ण, स्तब्धता र आक्रोशको दिन बनेर अब सधैं रहनेछ। एक नागरिकको निजी जीवनमा राज्यले सृजना गर्ने विकृति, बेथिति, विसंगति, भ्रष्टाचार, कमिसनतन्त्र र कुशासनको असर कति गहिरो र भयावह हुन सक्दछ भन्ने बुझ्न सधैं-सधैंलाई पर्याप्त हुनेछ यो घटना। भविष्यमा कहिल्यै यस्तो नहोस् । 'ग्लुमी सन्डे' कहिल्यै नआओस् दोहोरिएर।

यसअघि यस्तो भएको सायद कुनै दृष्टान्त थियो । सामूहिक जलसमाधिको दृष्टान्त छ योगमायाको नाममा । २२ असार १९९८ मा पूर्वी नेपाल भोजपुरकी योगमाया न्यौपानेले राणाशासनको विरोध गर्दै अरुण नदीमा जलसमाधि लिएकी थिइन् । जलसमाधि लिँदै उनले 'राणा जस्ता अत्याचारीहरुको राजमा बाँच्नुको कुनै अर्थ छैन' भनेकी थिइन् । उनीसँग उनका ६७ अनुयायीले जलसमाधि अनुसरण गरेका थिए। त्यसको एक दशक नबित्दै राणाशासन ढलेको थियो।

आत्मदाह जलसमाधि भन्दा पनि धेरै कठोर विद्रोह हो। एक असम्भवप्रायः विद्रोह। मान्छेले आफ्नो शरीरमा आफैं आगो लगाउने कुरा सामान्य मनोदशामा अकल्पनीय हो । कतिपयले यसलाई 'सामान्य आत्महत्या' सिद्ध गर्न अनेक तर्क गरिरहेका छन्, तर त्यो निरर्थक प्रयत्न हो । राजनीतिक विद्रोहमा आत्मदाह वा आत्मघाती बम आक्रमण जस्ता तरिका ठीक हुन् वा बेठीक भन्ने भिन्नै बहस छ संसारभरि।

त्यो त सत्याग्रह र आमरण अनसन नै पनि ठीक हो कि बेठीक भन्ने बहस छ। 'आमरण अनसन' मा कुनै सत्याग्रही जीवित रहेन भने त्यो 'आत्महत्या' हो भनिएको यो पंक्तिकारलाई थाहा छैन । महात्मा गान्धी जस्ता साधकले आफूले आफैंलाई दुःख दिएर लोककल्याणको अभियान गर्नुलाई आत्मबलिदानसाग जोडेको पाइन्छ, 'स्वपीडन' वा सामान्य 'आत्महत्या' हैन ।

आत्मदाहलाई पनि ठीक त्यस्तै कठोर विद्रोहका रुपमा हेर्ने प्रचलन छ । एक ट्युनिसियाली युवाको आत्मदाह कसरी अरब विद्रोहको कारण बन्यो भन्ने केही वर्षअघिको ठूलो घटना छ विश्वमा। प्रेम आचार्यले निजी असफलता र डिप्रेसनको कारणले सामान्य आत्महत्याको बाटो रोजेको हो भने उनी इलामदेखि काठमाडौं आउन जरुरी थिएन। संसद भवनकै अगाडि जान जरुरी थिएन। त्यति लामो 'आत्मदाह पत्र' सामाजिक सञ्जालमा राख्न जरुरी थिए। आत्महत्याको मनोदशामा सामान्य मानिसले राज्यको चरित्र, प्रवृत्ति र समस्याको त्यति जीवन्त चित्रण गर्न सक्दैन। प्रेम आचार्यको आत्मदाह पत्रमा त्यस्ता अकाट्य सत्यहरुको सजिव चित्रण छ, जो नेपाल राज्यको क्रोनिक समस्या जस्तो बनेको छ।

प्रेम आचार्यले मात्रै त्यस्ता समस्या, दुःख र अप्ठ्यारा भोगेका हैनन् । यो पंक्तिकारले नै स्वयं त्यस्ता समस्या कैयौं पटक भोगेको छ व्यक्तिगत जीवनमा । लाखौं मानिसले भोगेका छन्। सबैले बुझेको 'ओपन सेक्रेट' थिए ती। तर, कसैले समस्या नै मानेको थिएन त्यसलाई। नेपाल जस्तो देशमा यस्तै हुने हो भनेर सबैले निच-मारेका थिए। मन बुझाएर बाचेका थिए/छौं। मन नपरे पनि गुनासो गर्न पाइने र सुन्ने कुनै निकाय थिएन। अहिले पनि छैन।

हाम्रो शीर्ष राजनीतिक नेतृत्वको ध्यान यस्ता चिजमा, सामान्य नागरिकका दुःख, पीडा र समस्यातिर कहिल्यै गएन। उनीहरूले बुझेको राजनीति दाउपेच, षड्यन्त्र, बदला, प्रतिशोध, आरोप-प्रत्यारोप मात्रै बन्यो । पार्टीको नाममा एउटा सानो गुट बनाउनु र वाञ्छित, अवाञ्छित तरिकाले राज्यको शक्ति, स्रोत र साधन त्यही गुट, आसेपासे, आफन्त र परिवार पोस्न दोहन गर्नु बाहेक यहाँ राजनीतिक नेतृत्वको कुनै काम रहेन। क्रान्ति, विद्रोह, आन्दोलन र प्रतिपक्षमा बस्दा यिनले के भन्छन् भन्ने कुराको कुनै नैतिक उत्तरदायित्व रहेन। सत्तामा पुगेको भोलिपल्ट सबै उस्तै । आफ्नो स्वार्थसिद्ध हुन्छ भने यिनले गर्नु हुने न नहुने कुराको भेद राखेनन् । नैतिक, अनैतिकको कुनै सीमारेखा कोरेनन् । जायज, नाजायजको कुनै मानक बनाएनन् ।

राज्यबाट जनताले पाउनुपर्ने सेवा-सुविधाको गुणस्तरमा त कुनै सुधार आएन-आएन, स्वयं राजनीतिक संस्कृति समेत क्षयीकृत र आमनिराशाको कारक तत्व बन्न पुग्यो । जो, जतिखेर, जता पनि मिल्न, टाँसिन, छुट्न, फुट्न, गठबन्धन बनाउन, तोड्न सक्ने भए । टुट, फुट, विग्रह, विभाजन र अवसरवादले सीमा नाघ्यो । नाटक, नौटंकी, प्रहसन र उखानटुक्काको अन्त्यहीन शृंखला चल्यो। सत्ता-समीकरण बनाउनु र भत्काउनुलाई नै राजनीतिको कौशल र चातुर्यको मानक बनाइयो। यी यावत् उपक्रमभित्र सामान्य नागरिकका चासो, चिन्ता, सरोकार, आशा र अपेक्षाको कुनै मूल्य रहेन। नागरिकको सपनाका फूल फुल्नुपर्ने मैदानमा निहित स्वार्थको परेड खेल्नु र तिनलाई ध्वस्त पार्नु राजनीतिकर्मीका क्रियाकलाप बने।

राजनीतिले मात्र आशा जगाउन सक्थ्यो त बजारतन्त्र, समाज व्यवस्था र प्रशासनिक संयन्त्रका समस्या हल हुँदै जाने आशा जाग्थ्यो होला । जब राजनीति नै शक्ति सम्भ्रान्तहरुको पाखण्ड, स्वार्थ र षड्यन्त्रको अन्त्यहीन शृंखला बन्यो, यस्तो बेला आशाको कुनै किरण कतै बाँकी रहेन । संभवतः ठीक यही र यस्तै आमनिराशाले सृजना गरेको विद्रोही मनोदशामा प्रेम आचार्यले त्यति कठोर निर्णय लिए होलान् ।

यहाँसम्म कि 'आत्मदाह पत्र' मा उनले विवेकशील साझा पार्टीभित्र भएको टुटफुटलाई समेत धोकाका रुपमा चित्रण गरेका छन् । नेताहरु कति सजिलै पार्टी फोड्दै, विचार परिवर्तन गर्दै हिंड्छन् । तर, त्यसको कुप्रभाव समर्थकमा कति नराम्रो पर्दो रहेछ ! राजनीतिमा विश्वासघात र धोका सर्वाधिक नमीठो अनुभूति हो । त्यस्तो धोका प्रेम आचार्यले जस्तै हामी धेरैले पाएका छौं। तर, देशका अधिकांश नेताले त्यही धोकाको प्रवृत्तिलाई पराक्रम र पुरुषार्थ बनाएका छन्। मान्छे अनेक दुःख र कठिनाइका बीच सपनाले बाँच्न सक्दछ तर जब सपना नै तुहिन्छ, गाह्रो हुन्छ ।

यो पंक्तिकारको जोडदार माग छ कि प्रेम आचार्यको 'आत्मदाह पत्र' संसदभित्र विधिवत् प्रस्तावका रुपमा दर्ता होस् । त्यसमाथि जीवन्त बहस होस्। संसदमा हुने बहसको प्रस्ताव सरकारले नै टेबल गरेको हुनुपर्छ भन्ने छैन। त्यो जनस्तर र नागरिक पहलकदमीबाट पनि टेबल हुन पाउँछ । प्रेम आचार्यको 'आत्मदाह पत्र' संसदमा टेबल हुनुपर्दछ । हेरौं हामी, सुनून् आम जनताले कि प्रेम आचार्यले उठाएका सवालमा कुन पार्टीका कुन नेताको के धारणा रहेछ ? कसरी समाधान दिने र हेछन् तिनले यसको ? कि सबै अझै कानमा तेल हालेर बस्ने रहेछन् ।

र, एउटा यस्तो ऐन पारित गर्नु जरुरी छ जसले उनले उठाएका मुद्दाको समाधान देओस् र त्यो ऐनको नाम नै 'प्रेम आचार्य नागरिक समस्या समाधान ऐन' राखियोस् । प्रेम आचार्यको आश्रित परिवारलाई सरकारले गर्नुपर्ने आर्थिक, भौतिक र मनोवैज्ञानिक सहयोगको कुरा उत्तिकै महत्वपूर्ण छादैछ । त्यसमा कुनै कमी नहोस् ।

प्रेम आचार्य आत्मदाह प्रकरणमा नयाँ पार्टीका नयाँ नेता तथा गृहमन्त्री रवि लामिछानेले बडो आश्चर्यजनक प्रतिक्रिया दिए, 'आत्मदाहको निर्णय हिजोदेखिको निराशा र पीडाको परिणाम हो । हामी जस्ता नयाँहरूको आगमनले पनि आशा जगाउन सकेन ।'

यो आलेख लेख्दै गर्दा तिनै रवि लामिछानेको उपप्रधानमन्त्री तथा गृहमन्त्री मात्रै हैन, सांसद पद नै गुमिसकेको छ । संभवतः त्यसो हुनुअघि मैले यो आलेख लेखेको भए धेरैलाई ईर्ष्या लाग्दथ्यो । रवि समर्थकहरुको एउटा भिन्नै हिप्पोक्रेसी जन्म भइसकेको थियो छोटो समयमै । उनीहरु ठान्थे कि रवि नयाँ भगवान हुन्, उनको बारेमा प्रश्न उठाउने अधिकार कसैलाई छैन। हिजो उनी आफैं टेलिभिजनमा प्रश्न उठाउँथे। छिटो समयमै संसदको रोस्टममा उभिएर उनी यो भन्न सक्ने भइसकेका थिए कि मिडियामा आएका प्रश्नको कुनै उत्तर दिन चाहन्नँ । यसले हिप्पोक्रेसी रविका अन्धसमर्थकहरुको मात्रै हैन, स्वयं रविको चरित्र हो भन्ने पुष्टि गर्थ्यो ।

सभ्य र सुसंस्कृत लोकतान्त्रिक राजनीति कुनै 'हिरोइज्म' वा 'पपुलिज्म' हैन भन्ने सबैले बुझ्न आवश्यक छ। यसमा कुनै व्यक्तिको अनुहार हेरेर मानकहरु 'सेन्सर' गर्न सकिँदैन । त्यसो गर्न हुँदैन, गर्न मिल्दैन । त्यसो गर्नु अर्को प्रकारको अवसरवाद र व्यक्तिपूजा हुन्छ । यस्तो प्रवृत्ति चाहे त्यो रविका अन्धसमर्थकहरुमा होस् वा स्वयं रविमा, एक घातक प्रवृत्ति हो। लोकतन्त्रमा विधि, पद्धति र संस्थागत प्रक्रिया मुख्य कुरा हुन्, व्यक्ति हैन। चाहे व्यक्ति जतिसुकै लोकप्रिय वा शक्तिशाली किन नहोस् !

रविले जे जस्तो र जसरी राजनीति गर्दैथिए, त्यसले प्रेम आचार्यहरुमा आशा जाग्ने कुरा त परै जाओस्, झन् बढी निराशा थपेको थियो । 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उखानलाई रवि र रविहरूले छोटो समयमै अझ बढी पुष्टि गरिदिएका थिए।

रवि र रविहरूले नबुझेको वा बुझ्न नचाहेको सत्य के हो भने उनी र उनको पार्टीले पाएको भोट पुराना पार्टीहरूसँग टाँसिएर हतारोमा मन्त्रीका लागि थिएन। 'भागशान्ति जय नेपाल' गर्नका लागि थिएन। ती 'नो नट् अगेन' भनिएका 'बा' हरुलाई चुनौती दिन सक्ने, एउटा नयाँ राजनीतिक शक्तिको जन्म र विकासका लागि थियो। उनले पाएको भोट कहाँबाट, कसरी, किन र कुन मनोविज्ञानबाट आयो भन्ने उनले कुनै विश्लेषण गरेनन् । अर्कै प्रयोजनको अपेक्षामा भोट पाए, उनले भोटको दुरुपयोग गरे ।

यसो भन्दा धेरैलाई पूर्वाग्रहजस्तो लाग्ला, म उदाहरणबाटै भन्न चाहन्छु । कृषिविज्ञ मदन राई उनको पार्टीका सदस्य होइनन् । तर, उनले खुल्लामञ्चमा गएर रविको पार्टीको सभामा भाषण गरे । घन्टीमा भोट हाल्न सार्वजनिक आग्रह गरे। त्यो मदन राईको भाषणको भिडियो मात्र विभिन्न स्रोतबाट गरी ७० लाख बढीले हेरेका छन् । के रविको पार्टीले पाएको भोटमा मदन राईको त्यो सार्वजनिक अपीलको अंश नहोला ?

अर्को व्यक्तित्व संविधानविद् भीमार्जुन आचार्य, जसले रविको पार्टीको लागि खुलेआम भोट मागेका थिए । आचार्यको चुनाव अघि र पछिका दुई अन्तर्वार्ता मैले हेरें र तुलना गरें । चुनाव अघि उनको जुन धारणा थियो, चुनावपछिको अन्तर्वार्तामा रवि र रविको पार्टीबारेको धारणामा ठीक विपरित भाव पाइन्छ। रवि र रविहरुलाई के लाग्छ- के उनको पार्टीले पाएको भोटमा मदन राई र भीमार्जुन आचार्य जस्ताले गरेको सार्वजनिक अपीलको कुनै अंश थिएन ?

मदन राई र भीमार्जुन आचार्य जस्ता करिब १०० मानिस मैले देशभरिबाट सम्झिन सक्छु- जसले गत चुनावमा रवि र रविको पार्टीलाई भोट दिनु उपलब्ध विकल्पमध्ये सबैभन्दा राम्रो हो भनेका थिए । के स्वार्थको द्वन्द्व हुने गरी हतार हतार उपप्रधानमन्त्री र गृहमन्त्री माग्न देउवा र ओलीकोमा धाएको दृश्य झलझल्ती आँखामा आएपछि ती व्यक्ति, व्यक्तित्वको समर्थन अहिले पनि रवि र रविहरूलाई छ भन्ने लाग्छ ? बिल्कुलै छैन । नमूना परीक्षणका लागि मदन राई र भीमार्जुन आचार्यलाई नै रविले भेटेर सोधे हुन्छ ।

कतिपयलाई लाग्ला, त्यो रविले छिटो राजनीतिक प्रगति गरेको ईर्ष्या त हैन ? बिल्कुल हैन । भोटरको अपेक्षा फरक थियो। एक वैकल्पिक लोकतान्त्रिक शक्तिको उदयको आकांक्षा थियो। कांग्रेस, कम्युनिष्ट र राजावादीलाई खबरदारी गर्न मतदाताले भोट दिएका थिए, तिनैसाग मिलेर 'खान' हैन । बूढानीलकण्ठ र बालकोट धाएर, खुमलटारलाई टाउकोमा बोकेर यो देशको कायापलट हुन्छ भन्ने विश्वास मतदातामा हुन्थ्यो त के जरुरी थियो रवि र रविहरुलाई भोट दिन ?

कतिपयलाई लाग्ला- राजनीति गर्नु भनेको सरकारमा जान नै त हो, सरकारमै नगइकन कसरी 'डेलिभरी' गर्ने ? यो एकदमै सतही तर्क हो, सत्य हैन । सरकारमा जानै हुँदैन भन्ने हैन तर, निश्चित परिस्थिति हुन्छन् । कस्तो बेलामा जानु उचित वा अनुचित हो भनेर मूल्यांकन गर्न सकिने मानक हुन्छन् ।

भ्रष्टाचारीसाग कुम जोडेर सुशासन दिन सकिँदैन। पुरानासँगै टाँसिएर नयाँपनको आभास र अनुभूति दिन सकिँदैन । पुरानै सिन्डिकेटतन्त्रको 'पार्टनर' भएर दीर्घकालीन वैकल्पिक शक्तिको जन्म हुँदैन ।

रवि र रविहरु आफैं कठोर नागरिकता ऐनका पक्षधर थिए भन्ने कुरा उनीहरुले नागरिकता ऐन संशोधन विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा गरेको समर्थनबाट प्रष्ट हुन्थ्यो । आज तिनै फेरि किन सर्वोच्च अदालत अगाडि नाराबाजी गर्दैछन् ? के कुनै राज्यको कानुन कुनै एउटा व्यक्तिलाई हेरेर बन्छ ? नागरिकताबारे देशको संविधान, ऐन, कानुन र प्रचलनको पालना गर्नु उनको कर्तव्य हुन्थ्यो कि हुँदैनथ्यो ? शक्ति प्रयोग गरेर त्यही छानबिनलाई दबाउन, लुकाउन चाहिएको थियो हैन गृह मन्त्रालय ? खै त पार लागेन !

बालकोट र बूढानीलकण्ठ निवासका पर्खाल नारायणहिटी दरबारको जति पनि बलिया र बाक्ला छैनन् । नारायणहिटीका सूचना त लुक्दैनथे भने बालकोटमा भएको बैठकमा कसले के भन्यो, त्यो बाहिर आउन कुनै भौतिक उपस्थिति आवश्यक हुँदैन । सबैलाई थाहा छ- रविले गृह मन्त्रालय ओलीसँगको बार्गेनिङबाट प्रधानमन्त्री प्रचण्डको इच्छा विपरीत पाएका थिए । सरकारका अंगलाई ...बाँकी पृष्ठ ३ मा

वीर सहिदहरू

✍देविना सञ्जेल

सहिदका बलिदानी देशभक्तिको गाथा
मन्त्य गार्न जहानियाको दमनको व्यथा
प्रजातन्त्र स्थापना एक मात्र लक्ष्य
फाँसी पनि सहिदिए हासिल भयो उद्देश्य

सहिद चार अन्त्य भएर देशको मुहार फेर्न
जनआस्था र भरोसालाई जनताबीचमै हेर्न
बिलाई गए वीरहरु हाम्रा सहिद महान
यस्तै विचार देशभक्तिको हामी गर्छौं बयान ।

सहिदलाई सम्झने सहिद सप्ताहमा
तिनकै त्याग र वलिदानले जीवन उत्साहमा
पीडा, दमन, अत्याचारको विरुद्धको आवाज
अन्त्य गार्न राणा शासन एक भयो समाज

सहिदको बाँकी सपना हामीले गरे पूरा
देश र समाज उज्ज्वल हुन्छ भए सबै कुरा
राष्ट्र, जनता, समाज कल्याण नागरिकको हित
वलिदानीको प्रशंसा हुन्छ सबको हुन्छ जित ।

कक्षा-७,
बालजागृति इंग्लिस सेकेण्डरी स्कूल ।

कँडेलद्वारा उम्मदेवारी घोषणा

समाज संवाददाता

हेटौंडा: निर्माण व्यवसायी संघ मकवानपुरको आसन्न अधिवेशनमा बालगोपाल कँडेलले उम्मेदवारी घोषणा गर्नुभएको छ । वर्तमान कार्यसमितिमा प्रथम उपाध्यक्षको जिम्मेवारीमा रहनुभएका कँडेलले आइतबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी उम्मेदवारी घोषणा गर्नुभएको हो ।

संघको २३ औं वार्षिक साधारणसभा तथा ११ औं अधिवेशन माघ २८ र २९ गते हेटौंडामा हुँदैछ। निर्माण व्यवसायीका समस्यालाई बुझेको र निर्माण व्यवसायीको पेशालाई मर्यादित र व्यवस्थित बनाउन आफूले अध्यक्षमा उम्मेदवारी दिने बताउनुभएका कँडेलले सबैको साथ र सहयोगमा विजयी हुने दावी गर्नुभयो ।

जनपक्षीय पत्रकारिता विषयक अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: नेकपा माओवादी केन्द्र निकट प्रेस सेन्टर नेपालको १९ औं स्थापना दिवसमा जनपक्षीय पत्रकारिता र वर्तमान अवस्था विषयक अन्तरक्रिया गरेको छ। आइतबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा अन्तरक्रिया भएको हो ।

अन्तरक्रियामा बोल्नुहुँदै बागमती प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामीले समाज निर्माणका लागि पत्रकारले कलम चलाउनुपर्ने बताउनुभयो। मुलुकमा स्थायित्व कायम र समृद्ध बनाउन जनपक्षीय पत्रकारिता आवश्यक रहेको उहाँको भनाइ छ। प्रेस सेन्टर नेपाल मकवानपुर शाखाकी अध्यक्ष अञ्जली थापाले जनताको पक्षमा कलम चलाउने उद्देश्यले प्रेस सेन्टर स्थापना भएको बताउनुभयो । वरिष्ठ पत्रकार प्रताप विष्टले अहिलेको पत्रकारिता जनपक्षीय हुन नसकिरहेको स्वीकार गर्नुभएको छ।

कुष्ठरोग दिवसमा अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: ७० औं विश्व कुष्ठरोग दिवसको अवसरमा सञ्चारकर्मी तथा सरोकारवालाहरुसँग अन्तरक्रिया भएको छ। बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक महेश्वर श्रेष्ठको अध्यक्षतामा आइतबार कार्यक्रम भएको हो। कार्यक्रममा नेपालमा कुष्ठरोगको अवस्था, लक्षण र बच्ने उपायहरुमा छलफल भएको थियो।

नेपालमा हाल पत्ता लागेको कुष्ठरोगी बिरामी २ हजार २ सय ८५ रहेको डा. नरेन्द्रकुमार झाले बताउनुभयो। सबैभन्दा धेरै कुष्ठरोगी मधेश प्रदेश रहेको जानकारी गराउनुहुँदै सबैभन्दा कम कुष्ठरोगी बागमती प्रदेशमा रहेको झाले बताउनुभयो। कुष्ठरोगी श्वासप्रश्वासबाट मात्र सर्ने र यदि कसैमा कुष्ठरोगी भए औषधी सेवनले सतप्रतिश्त रोकथाम हुने उहाँले बताउनुभयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै डा. रोशन ढकालले कुष्ठरोगी ग्रामीण क्षेत्रमा धेरै हुने जसका लागि राज्यका सरोकारवालाहरुले चेतनामुलक कार्यक्रमहरुमा जोड दिनुपर्ने बताउनुभयो । कुष्ठरोग बिरामीको उपचारको लागि लालगढ, काठमाण्डौंमा उपचार केन्द्र रहेको उहाँले बताउनुभयो।

रेडियोको वार्षिकोत्सवमा सप्ताहव्यापी कार्यक्रम

समाज संवाददाता

हेटौंडा: रेडियो मकवानपुरको १३ औं वार्षिकोत्सवमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिएको छ। आज सोमबारबाट १३ औं वर्षमा प्रवेश गरेको रेडियोले सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाउन लागेको हो। आज रेडियोमै सहिद दिवसको सन्दर्भमा रचना वाचन तथा अन्तरक्रिया, १७ गते हेटौंडा-१७ स्थित श्रीमद् भागवत ज्ञान सञ्चार बृद्धाश्रममा खाद्यान्न सहयोग, १८ गते रेडियो परिसरमै रक्तदान, १९ गते बालअधिकार विषयक विद्यालयस्तरीय कविता प्रतियोगिता हुनेछ ।

यस्तै २० र २१ गते रेडियो मकवानपुर कप फुट्सल प्रतियोगिता, २१ गते शनिबार मनहरी गाउँपालिका ४ मा बृहत निशुल्क स्वास्थ्य शिविर र २२ गते वार्षिकोत्सव समापन, दुईजनालाई सामुदायिक सम्मान र पुरस्कार वितरण कार्यक्रम हुनेछ । कविता प्रतियोगिताको विजेता विद्यार्थीले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजारसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । रेडियो मकवानपुर कप फुट्सलको विजेता र उपविजेतालाई नगदसहित पुरस्कारको व्यवस्था रहेको जनाइएको छ । रेडियोले वार्षिकोत्सवको अवसरमा दुईजनालाई जनही नगद १० हजारसहित सामुदायिक सम्मान र तीजको सन्दर्भमा दुई महिलालाई जनही नगद १० हजार रुपैयाँसहित जागरुक महिला सम्मान प्रदान गर्दै आएको छ ।

प्रेम आचार्यको...

उनले निजी स्वार्थमा पक्षघात र अनुकूलन गरिसकेका थिए । तर, सर्वोच्च अदालतले असलियत जनतासामु राखिदियो ।

त्यो स्तरको बार्गेनिङ किन र केका लागि जरुरी थियो ? ठीक हो, रास्वपाको समर्थन र संलग्नता विपरीत सरकार नै बन्दैनथ्यो भने त्यो एउटा कुरा हुन्थ्यो । भर्खरै चुनाव सकेर फेरि तुरुन्तै नयाँ चुनावमा जानु भन्दा समर्थन दिएर सरकार टिकाउन, बनाउन उचित नै हुन्थ्यो । तर, संसदमा रास्वपा विनै पाँच थरीको गठबन्धन बन्न सक्ने संभावना छ भन्ने कसलाई थाहा छैन ।

चुनावअघि 'बाहरु घर बस' भन्ने, चुनाव सकिन नपाउँदै बूढानीलकण्ठका बा हुन् कि बालकोटका बा त्यो नभए खुमलटारका बा, जो जताको बा भए पनि हुन्छ, तर गृह चाहिन्छ भनेर घर-घर फेरी लगाउँदै हिंड्नु कुन नैतिक राजनीति हो ? संसदीय प्रणालीको क्याबिनेट भनेको अन्ततः प्रधानमन्त्री हो, प्रधानमन्त्री भनेको प्रधानमन्त्री बनाउने संसदको अंकगणितको निर्णायक संख्या हो भन्ने रवि र रविहरुलाई थाहा छैन ?

लामो समयदेखि यो देशमा नागरिकता समस्या छ । विशेषतः तीन वटा ठूला सवाल थाती बसेका छन् । जन्मसिद्धका सन्तानको सवाल, वैवाहिक अंगीकृतमा दम्पतीको समानताको सवाल, एनआरएन र ब्रिटिश गोर्खाका लागि दोहोरो नागरिकताको सवाल । यी सवाल उठाउनेलाई राष्ट्रघाती, देशद्रोही भन्ने, राष्ट्रपति भण्डारीले नागरिकता ऐन संशोधन विधेयक असंवैधानिक तबरले प्रमाणीकरण नगर्दा खुशीले तीन हात उचालिने र स्वागत गर्नेहरु नै आज रविको नागरिकतामा गोहीको आँशु चुहाउँदैछन्। नागरिकता कति संवेदनशील सवाल रहेछ, करिब ३ लाख युवायुवती नागरिकता विना कस्तो जीवन बाँचिरहेका होलान् भन्ने अब ती 'राष्ट्रवादी' ले बुझ्लान् ?

रवि र रविहरु जस्ता नयाँ भनिएकाले प्रेम आचार्यहरुका लागि कुन त्यस्तो आशा जगाएका थिए ? *(स्रोत: अनलाईनखबर)*

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

उपमहानगरको स्थापना दिवसमा साताव्यापी कार्यक्रम

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको ५४औं स्थापना दिवसको अवसरमा माघ २५ गतेबाट सप्ताहव्यापी कार्यक्रम हुने भएको छ । उपमहानगर पालिकाको १३ औं कार्यपालिका बैठकले स्थापना दिवस मनाउनका लागि गठन गरेको अतिरीक्त क्रियाकलाप समितिको बैठकले माघ २५ गते हेटौंडा-७ को नागस्वती खेल मैदानमा पुरुष/महिला फुटबल, माघ-२६ गते हेटौंडा-४ हुप्रचौरमा महिला/पुरुष भलिबल, माघ-२७ गते महिला-पुरुष डण्डि-बियो, माघ २८ गते टोल विकास संस्था नगर र वडा समन्वयसँग म्युजिकल चियर प्रतियोगिता गर्ने भएको छ ।

स्थापना दिवसको अवसरमा उपमहानगरले सञ्चालन गर्दै आएको "सफा हेटौंडा अभियान" अन्तर्गत हेटौंडा-१०, बसपार्क क्षेत्रमा सरसफाईसहित माघ २९ गते रक्तदान कार्यक्रमको तयारी गरेको छ । नगरको कार्यपालिका बैठकले स्थापना दिवसलाई भव्य रुपमा मनाउनका लागि नगर प्रमुख मीना कुमारी लामाको संयोजकत्वमा मूल समारोह समिति गठन गरेको छ । समितिको सह-संयोजकमा नगर उपप्रमुख राजेश बानियाँ र सदस्यहरुमा १९ वडाका अध्यक्ष, कार्यपालिका सदस्यहरु रहेको समितिका सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई रहनुभएको छ ।

मुल समारोह समितिले उपमहानगरको इतिहासबारे जानकारी गराउनका लागि पालिकाका प्रवक्ता तथा हेटौंडा-१ का अध्यक्ष सविन न्यौपानेको संयोजकत्वमा स्मारिका प्रकाशन समिति, हेटौंडा-६ का अध्यक्ष विष्णुबहादुर दाहालको संयोजकत्वमा सम्मान तथा शिष्टाचार समिति, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईको संयोजकत्वमा नगर दिवस व्यवस्थापन समिति गठन गरेको छ ।

स्मारिका प्रकाशन समितिको सदस्यमा उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख भिमप्रसाद तिमल्सिना, नगरप्रमुख सचिवालयका प्रमुख जगन्नाथ सापकोटा, नगरप्रमुखका प्रेस संयोजक राजन दाहाल र सुचना प्रविधि अधिकृत भानुभक्त थपलिया रहनुभएको छ । सम्मान तथा शिष्टाचार समितिको सदस्यमा हेटौंडा-१४ का वडा अध्यक्ष दीपक खड्का, हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोइराला, कार्यपालिका सदस्य ईश्वरी बिक, नगरसभा सदस्य रञ्जु लामा र सदस्य सचिबमा उपमहानगरका प्रशासन प्रमुख शान्ति बिक रहनुभएको छ।

अतिरिक्त क्रियाकलाप समितिको सदस्यमा कार्यपालिका सदस्य साधना श्रेष्ठ, नगरसभा सदस्य सविना बिडारी, सन्तुमाया पाखिन, ईन्द्रप्रसाद रिजाल रहेको समितिको सदस्य सचिवमा बसन्तकुमार सिटौला सदस्य सचिब रहनुभएको छ । स्थापना दिवसका लागि गठित नगर दिवस व्यवस्थापन समितिको सदस्यमा सबै महाशाखा प्रमुख, आर्थिक प्रशासन, कृषि, सुचना प्रबिधी, फोहरमैला तथा व्यवस्थापन, समन्वय शाखाका प्रमुखहरु र नगर प्रहरी इन्चार्ज रहेका छन् । उपमहानगरले तत्कालिन नगर पञ्चायतको २०२६ फागुन १ गते बसेको बैठकलाई आधार मानी स्थापना दिवस मनाउन लागेको हो ।

शैक्षिक गुणस्तर सुधार्न प्रअहरुसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयका प्रधानाध्यापकसँग अन्तरक्रिया गरिएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजनामा भएको अन्तर क्रियामा प्रधानाध्यापकका सम्बन्धमा ऐन, नियमावली, नीतिमा भएका व्यवस्थाहरु, विद्यालयमा देखिएका चुनौती, विद्यालय शिक्षाको गुणस्तर सुधारका उपायका बारेमा छलफल गरिएको थियो ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको सभाध्यक्षता तथा जिल्ला समन्वय समितिका अध्यक्ष ललित घलानको प्रमुख आतिथ्यमा भएको अन्तरक्रियामा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाले पाठ्यक्रममा आधारित शिक्षणमा जोड दिन आग्रह गर्नुभयो । विद्यालयमा विद्यार्थी केन्द्रित सिकाईलाई केन्द्रबिन्दु मानेर प्रविधिमैत्री पठनपाठन जरुरी रहेको बताइएको छ ।

कार्यक्रममा बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयका निर्देशक पूर्णबहादुर दर्जीले सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु नै सक्रिय भएको खण्डमा सुधार ल्याउन सकिने बताउनुभयो । अन्तरक्रियामा शिक्षा क्षेत्रमा काम गरी सेवानिवृत्त डा. तोयानाथ खनालले सहजीकरण गर्नुभएको थियो। राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा सम्बन्धी नीतिगत चुनौती, विद्यालय शिक्षामा सुधारका उपायका बारेमा डा. खनालले विभिन्न जिल्लामा भएका अभ्यासका बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा डिभिजन वन कार्यालय राप्तीका प्रमुख बिष्णुप्रसाद आचार्यले संरक्षण शिक्षासम्बन्धी डिभिजन वन कार्यालय राप्ती, मनहरीले प्रकाशन गरेको पुस्तकका बारेमा जानकारी दिंदै सो पुस्तकलाई सबै विद्यालयमा पठनपाठन गर्न आग्रह गर्नुभयो । मकवानपुरलाई सालकको जिल्लाका रुपमा परिचित गराउन र सालक संरक्षणमा बालबालिकामार्फत् अभिभावकसम्म जानुपर्ने आचार्यले बताउनुभयो । अन्तरक्रियामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव बद्री बहादुर पाठक, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगर पालिकाको शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल, मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकको सहभागिता रहेको थियो ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर
बागमती प्रदेश, नेपाल

सेवा करार लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१०/१६ गते

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर कार्यालयको आ.व २०७९/८० को स्विकृत कार्यक्रमअनुसार यस कार्यालयमा नागरीक आरोग्य सेवा केन्द्र संचालनार्थ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरलाई देहाय पदमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा लोक सेवा आयोगले तोकेको ढाँचामा फाराम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र.सं.	विज्ञापन नं.	पद	सेवा	माग पद संख्या
१.	१/२०७९-८०	वैध/कविराज	स्वास्थ्य	३
३.	२/२०७९-८०	अभ्यङ्कर्ता	स्वास्थ्य	१

१. **योग्यता**
क) नेपाली नागरिक हुनुपर्ने ।
ख) **न्यूनतम योग्यता**:
- लोकसेवा आयोगले माथि उल्लेखित पदका लागि निर्धारण गरेको न्युनतम शैक्षिक योग्यता पूरा गरेको ।
- विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाणपत्र समेत पेश भएको ।
- प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता र नवीकरण भएको ।
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।
- भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।
- अभ्यङ्कर्ताको हकमा ८ पास गरेको ।

ग) **उमेर हद**:
- १८ वर्ष उमेर पूरा भई ४५ वर्ष उमेर ननाघेको ।

घ) **आवश्यक कागजातहरूः- आवेदक स्वयंले देहाय बमोजिमको प्रतिलिपिहरू**
- नेपाली नागरिकताको छायाप्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको छायाप्रति ।
- नवीकरणको म्याद ननाघेको सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्रको छायाप्रति ।
- चारित्रकप्रमाणपत्रको छायाप्रति

२. **दरखास्त दस्तुर**:
- रु. ६००/- (छ सय मात्र) ।
- फारम दस्तुर राजश्व शिर्षक नं. १४२२४ कार्यालय कोड ३७००१३२१७३ रा.बा. बैकको खाता नं. १०००२०००१०००० मा जम्मा गरि सक्कल भौचर पेश गर्नु पर्ने छ ।

३. **दरखास्त दिने स्थान**:
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर, बागमती प्रदेश ।

४. **छनौट गर्ने तरिका**
- मौखिक परीक्षा ।

५. **करार अवधी**
२०८० आषाढ मसान्तसम्म ।

६. दरखास्तको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्टसम्म म्याद हुनेछ र म्याद सकेको भोलिपल्ट सम्पर्क मिति हुनेछ र सोहि दिन परीक्षाको मिति तोकिने छ ।
७. छनौट भएका उम्मेदवारहरुको पदस्थापना योग्यता क्रमको आधारमा हुने छ ।
८. थप जानकारीको लागिः ०५७५२०६८१ p3mosd.dahcmakwanpur@gmail.com

क्रिकेट पदाधिकारी, खेलाडीसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र पत्रकार संघ मकवानपुरको आयोजनामा आइतबार पत्रकार र क्रिकेट खेलका पदाधिकारी, खेलाडीबीच अन्तरक्रिया भएको छ । कार्यक्रममा क्रिकेट खेलको नियम, विषयवस्तु र समाचार लेखनमा ध्यान दिनुपर्ने विषयहरुमा छलफल गरिएको छ । कार्यक्रममा मकवानपुर क्रिकेट संघका कार्यवाहक सचिव समेत रहनुभएका राष्ट्रिय एम्पायर बिनोद बानियाँले क्रिकेटको नियम र क्रिकेटको स्कोर कार्डको विषयमा सहजीकरण गर्नुभएको थियो ।

उहाँले क्रिकेटको विषयमा सामान्य ज्ञानको अभावमा समाचारमा त्रुटी हुने गरेको बताउनुभयो । उहाँले क्रिकेटको राष्ट्रिय र अन्तर्राष्ट्रिय नियमका विषयमा सामान्य जानकारी गराउनुभएको थियो । यस्तै, मकवानपुर क्रिकेटका उपकप्तान राम नरेश गिरीले आफ्नो अनुभव साट्दै सुरुमा पढ्न अल्छी लाग्ने र समाचारमा अरुको फोटोहरु देखेर क्रिकेट खेलतर्फ आकर्षित भएको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "मैले अण्डर-१९ विश्वकप क्रिकेट खेल्दा पनि धेरैलाई जानकारी नै थिएन । पछि मकवानपुर क्रिकेट संघले पत्रकार सम्मेलन गरेपछि मात्रै समाचारमा आउन थाल्यो । त्यसपछि मात्रै समाचारको प्राथमिकतामा परेको थिएँ ।"

उहाँले क्रिकेटमा उत्कृष्ट खेल खेल्दा पनि आफ्नो नाम समाचारमा नआउने स्मरण गर्नुभयो । समाचारमा आफ्नो नाम गलत आउने, खेलाडी भनेर कमैले मात्र चिन्ने अवस्था रहेको भन्दै उहाँले समाचारमा प्राथमिकतामा परेपछि सबैले चिन्न थालेको बताउनुभयो । खेलाडी र पत्रकारबीचको समन्वयको अभावमा पनि समाचारमा ओझेलमा पर्ने गरेको उहाँले स्वीकार गर्नुभयो ।

त्यसैगरी मकवानपुर क्रिकेट संघका अध्यक्ष बासुलाल श्रेष्ठले क्रिकेट प्रतियोगिताको लागि खेलमैदानको अभाव रहेको जानकारी दिनुभयो । उहाँले प्रतियोगिताहरु संचालन गर्न आर्थिक समस्या हुने गरेको बताउनुभयो । क्रिकेटसँग सम्बन्धित धेरै विषयवस्तु भएकोले एक दिवसीय कार्यक्रम आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले खेलकुदमा मकवानपुर धेरै अगाडि बढेको भएपनि सबैको नजरमा पछाडी परेको धारणा राख्नुभयो । कार्यक्रममा प्रेस युनियन मकवानपुरका अध्यक्ष कुमार अधिकारीले खेलकुदमा चासो भएपनि धेरै नियमहरुको बारेमा जानकारी नभएको बताउनुभयो । यसले समाचार लेखनमा समेत समस्या हुने गरेको उहाँले बताउनुभयो ।

स्वतन्त्र पत्रकार संघ मकवानपुरका अध्यक्ष गोकुल अधिकारीको सभाध्यक्षता तथा मकवानपुर क्रिकेट संघका अध्यक्ष बासुलाल श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल पत्रकार संघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्वतन्त्र पत्रकार संघ मकवानपुरका संस्थापक अध्यक्ष सुरेश श्रेष्ठ, प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापा लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

मिथिला कप टी-२० क्रिकेटः मकवानपुरको विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः मधेश प्रदेशको सप्तरीमा जारी चौथौ मिथिला कप टी-२० क्रिकेट प्रतियोगितामा मकवानपुर क्रिकेट टिमले विजयी सुरुवात गरेको छ। शनिबार भएको पहिलो खेलमा मकवानपुरले वीरपुर क्रिकेट क्लबलाई ८ विकेटले हराउँदै विजयी सुरुवात गरेको मकवानपुर क्रिकेट टिमका क्याप्टेन सुमन सुनारले जानकारी दिनुभयो।

टस जितेर पहिले ब्याटिङ गरेको वीरपुर क्रिकेट क्लबले १८ ओभरमा ६ विकेट गुमाउँदै १ सय ३४ रन बनाएको थियो । जवाफी ब्याटिङमा उत्रेको मकवानपुरले १७ ओभर १ बलमा २ विकेट गुमाउँदै लक्ष्य भेटाएको हो ।

मकवानपुरको जितका लागि गौरव खड्काले अवीजित ६० रन बनाएका थिए भने शुभ कंसाकारले ४५ रन बनाएका थिए । त्यस्तै बलिङतर्फ मकवानपुरका पियुस शर्माले ३ विकेट र सुवर्ण भट्टले १ विकेट लिएका थिए ।

प्रतियोगितामा विजयी टिमले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सेमिफाइनल खेल माघ २४ र २५ गते हुनेछ भने फाइनल खेल माघ २६ गते हुनेछ । लिगकम नगआउटको आधारमा हुने प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

लागूऔषधसहित दुई जना पक्राउ

समाज संवाददाता

लागूऔषधसहित दुई जना पक्राउ

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । आइतबार दिउँसो ३ बजेको समयमा हेटौंडा-५, पिप्लेस्थित कृष्णा महतको घरमा लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको हो ।

मकवानपुर जिल्लाको थाहा नगरपालिका-३, डाँडागाउँका २८ वर्षीय कपिल बिष्ट र हेटौंडा-५, पिप्लेका २९ वर्षीय प्रेमप्रसाद गौतमलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो । बिष्टले पिप्लेमा कोठा भाडामा लिएर लागूऔषध कारोबार गरेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट विशेष टोली खटिएको थियो । प्रहरी टोलीले बिष्टको कोठामा सुरक्षाजाँच गर्दा कोठाबाट लागूऔषध ३४ बोत्तल कोडिवेल र नाईट्रोभेट ट्याब्लेट ९ वटा बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीले बिष्टको कोठामा सुरक्षाजाँच गर्दा उक्त कोठामा पिप्लेका गौतम पनि भेटिएकाले लागूऔषधसहित दुबै जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

मकवानपुरगढीमा आँखा शिविर हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा निःशुल्क आँखा परीक्षण शिविर हुने भएको छ । शिविर माघ २७ गते मकवानपुरगढी गाउँपालिका, रोटरी क्लब अफ हेटौंडा, रोट्र्याक्ट अफ हेटौंडा र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा मकवानपुरगढी-६ स्थित जाल्पादेवी माविमा हुनेछ ।

शिविरमा सामान्य बिरामीहरुलाई आवश्यकता अनुसार परामर्श, उपचार र निःशुल्क औषधी समेत वितरण हुनेछ । शिविरमा मोतिबिन्दुका रोगी पहिचान भए उनीहरुलाई हेटौंडास्थित हेटौंडा सामुदायिक आँखा अस्पतालसम्म ल्याएर उपचार गरी घरसम्म फिर्ता पुऱ्याउने व्यवस्था समेत मिलाइएको छ । अस्पतालसम्म ल्याउने, उपचार गर्ने र घर फर्काउने क्रममा बिरामीले कुनै खर्च गर्नुपर्दैन ।

आगोलागीबाट घर जलेर नष्ट

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, डाङ्डुङ्गेस्थित भीम तिमल्सिनाको दुईतले काठको घरमा आगोलागी हुँदा घर पूर्णरुपमा जलेर नष्ट भएको छ । आइतबार बिहान ११ बजेको समयमा अचानक बिजुलीको तार सर्ट भएर आगोलागी हुँदा तिमल्सिनाको घर पूर्णरुपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

तिमल्सिनाको घरमा आगोलागी भएको खबर प्राप्त हुनासाथ उक्त स्थानमा अस्थायी प्रहरी पोष्ट थानाभञ्याङबाट प्रहरी हवल्दार मुन्निलाल गुप्ताको कमाण्डमा टोली खटेको थियो । प्रहरी, स्थानीय र दमकलको सहायताले आगलागी भएको २० मिनेटपछि आगो पूर्णरुपमा नियन्त्रणमा ल्याइएको थियो । आगोलागीबाट घर पूर्णरुपमा जलेर क्षति भएको र क्षतिको विवरण एकीन नभएको प्रहरी प्रवक्ता कार्कीले बताउनुभयो । आगोलागी हुँदा मानवीय तथा पुश-चौपाय क्षति नभएको जनाइएको छ ।

बिजुलीमाया वनः श्रेष्ठ संगीत पुरस्कार डा. किरण प्रधानलाई प्रदान

डा. किरण प्रधानलाई पुरस्कार प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः वरिष्ठ कलासाधक भीम विरागको ८९ औं जन्मजयन्तीको अवसरमा बिजुलीमाया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार-२०७९ डा. किरण प्रधानलाई प्रदान गरिएको छ । आइतबार एक समारोहबीच भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले डा. प्रधानलाई एक लाख राशिको पुरस्कार प्रदान गरिएको हो ।

२०१० सालमा जन्माउनु भएका डा. प्रधानले पहिलोपटक २०२७ सालमा रेडियो नेपालबाट आफ्न गायन यात्रा सुरु गर्नुभएको थियो । चलचित्र निर्माण, पट्कथा अभिनय तथा निर्देशन गर्नुभएका डा. प्रधानले कस्तुरी, रेखा, सम्झना र राँको जस्ता फिल्ममा गीत गाउनुभएको छ । उहाँले अमेरिका, जापान, बेलायत देशमा साङ्गीतिक कार्यक्रम प्रस्तुत गर्नु भएको छ ।

कार्यक्रममा सुनिता बुर्लाकोटी लगायतले आफ्ना गीत गाउनुभयो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले हेटौंडालाई कला र साहित्य क्षेत्रमा अब्बल बनाउन तयारी गरिरहेको बताउनुभयो । उहाँले उपमहानगरलाई अब्बल राजधानी बनाउन सक्ने दावी गर्नुभयो । भीम विराग संगीत साहित्य कला प्रतिष्ठानका अध्यक्ष ह्यग्रीव आचार्यको सभाध्यक्ष तथा वरिष्ठ साहित्यकार तुल्सी थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

बेहोस भेटिएका परियारको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा बजार क्षेत्रमा मागेर हिंड्ने हेटौंडा-५ चिल्डेन पार्कका ६० वर्षीय राजकुमार परियारको मृत्यु भएको छ । आइतबार दिउँसो २ बजेर ४० मिनेटको समयमा हेटौंडा-२, प्रभाकर पथस्थित भित्री सडकखण्डको छेउमा अचेत अवस्थामा फेला परेका परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

परियार अचेत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ उक्त स्थानमा वडा प्रहरी कार्यालय हेटौंडाबाट प्रहरी सहायक निरीक्षक गोकर्ण थापाको कमाण्डमा टोली खटेर उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको थियो । अस्पताल ल्याइएकोमा ३ बजेर २० मिनेटको समयमा डाक्टरले परियारलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हार्दिक बधाई

माननीय श्री एकलाल श्रेष्ठज्यू
मन्त्री-श्रम, रोजगार तथा यातायात

यस संस्थाका उपाध्यक्ष तपाईं मिति २०७९/१०/११ गते बागमती प्रदेश मन्त्रिपरिषद्को निर्णयबाट **बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री** पदमा नियुक्त हुनु भएकोमा यहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

मिठाराम दाहाल
अध्यक्ष एवम्
नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ